क्षेत्रीय अखबार

पश्चिम नेपाल

-वर्ष: २०, अङ्क: ९४, २०८२ भदौ ३१ गते मंगलबार (16 Sep., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका

दैनिक

के तपाईलाई थाहा छ ?

-हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । -तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ ।
-पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracking गर्न सकिन्छ ।
-साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।

जिल्ला हुलाक कार्यालय कञ्चनपुर

गिद्धको संख्या बढेपछि संरक्षणकर्मी उत्साहित

-पश्चिम नेपाल संवाददाता
कञ्चनपुर, ३० भदौ

सुदूरपश्चिम प्रदेशमा गिद्धको संख्या विगतको तुलनामा क्रमशः बढ्दै गएको पाइएको छ। गिद्धको संख्या बढ्नुमा वातावरणीय सन्तुलन, स्वच्छता र खाद्य शृङ्खला कायम राख्नका लागि उत्साहजनक सङ्केतका रूपमा लिइएको छ।

नेपाल पन्छी संरक्षण सङ्घ (बिसिएन) ले हरेक वर्ष सञ्चालन गर्ने गिद्ध गुँड अनुगमनअनुसार यस वर्ष सक्रिय गुँडको सङ्ख्या एक सय ५५ पुगेको छ, जुन गत वर्षको तुलनामा वृद्धि हो । बिसिएनका अनुसार गत वर्ष एक सय ४३ वटा सक्रिय गुँड भेटिएका थिए भने यस वर्ष बढेर एक सय ५५ पुगेका छन् ।

कञ्चनपुरमा सबैभन्दा बढी एक सय २६ गुँड फेला परेका छन् । त्यस्तै बैतडीमा १२, डडेलधुरामा १० र कैलालीमा सात गुँड भेटिएका छन्। यस वर्ष कञ्चनपुर र डडेल्धुरामा गुँड सङ्ख्या बढेको भए पनि कैलाली र बैतडीमा भने केही घटेको देखिन्छ।

सुदूरपश्चिम प्रदेशमा नौ प्रजातिका गिद्ध पाइन्छन् । तीमध्ये अति सङ्कटापन्नमा पर्ने डङ्गर, सानो खैरो, लामो ठुँडे, सुन गिद्ध, सङ्कटापन्न सेतो गिद्ध र सङ्कटको नजिक रहेका हिमाली, हाडफोर, खैरो र राज गिद्ध रहेका छन् । कञ्चनपुरमा आठ प्रजाति र कैलालीमा सात प्रजातिका गिद्ध फेलापरेका छन् । यसले सुदूरपश्चिमलाई गिद्धका लागि महत्वपूर्ण आवास क्षेत्रका रूपमा चिनाएको छ।

राष्ट्रिय गिद्ध गणना सेप्टेम्बर ५, ६ र ७ तारिखमा गरिएको थियो। सोही क्रममा गिद्ध र गुँडको सङ्ख्या एकिन गएिको नेपाल पन्छी संरक्षण सङ्घका चराविज्ञ हिरूलाल डगौराले बताए। उनका अनुसार गणनाको उद्देश्य गिद्धको आधारभूत 'डाटाबेस' निर्माण गर्नु, राष्ट्रिय गिद्ध डाटाबेसलाई व्यवस्थित गर्नु र संरक्षणका लागि तथ्याङ्कीय आधार तयार पारेका थिए ।

गणनामा ४८ स्वयंसेवक सुदूरपश्चिमका विभिन्न जिल्लामा खटिएका थिए। 'टोलीले अवलोकन गरिएको स्थलको जिपीएस स्थानसमेत अभिलेख र

ाखेको छ'', उनले भने, 'गिद्धबाहेक अन्य चराचुरुङ्गी र स्तनधारी जनावरको पनि विवरण सङ्कलन गरिएको छ ।'

यस वर्षको गणनामा सुदूरपश्चिम प्रदेशमा जम्मा पाँच सय ७३ गिद्ध भेटिएका छन्। चराविज्ञ डगौराका अनुसार गणनाका क्रममा सानो खैरो गिद्ध नौ, डङ्गर गिद्ध चार सय ४२, सुन गिद्ध १४, गोब्रे गिद्ध नौ, हिमाली गिद्ध ९४ र हाडफोर गिद्ध पाँचवटा देखापरेका छन्। लामो ठुँडे गिद्ध, राजगिद्ध र सानो खैरो गिद्ध हिउँदमा मात्र देखापर्ने भएकाले गणनमा समावेश गरिएको छैन ।

कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, बाजुरा र दार्चुलामा गणना गरिएको थियो। सबभन्दा बढी कञ्चनपुर र कम दार्चुलामा भेटिएका छन् । गिद्ध आफैँ सिकार नगर्ने तर मरेका जनावरको सिनो खाने चराका रूपमा चिनिन्छ । गिद्धलाई 'प्रकृतिको कुचीकार' पनि भनिन्छ ।

गिद्धले वातावरणलाई दुर्गन्धित र प्रदूषित हुनबाट जोगाउनुका साथै हैजा, आउँ, झाडापखाला, रेबिज, प्लेग, क्षयरोग, एनथ्राक्सजस्ता रोग फैलिनबाट नियन्त्रण गर्ने भूमिका निर्वाह गर्ने उनी बताउँछन्। संरक्षणकर्मीका अनुसार गिद्ध वातावरणीय चक्रको अभिन्न हिस्सा हुन्। खाद्य शृङ्खलामा सन्तुलन कायम राख्न गिद्धको उपस्थिति अपरिहार्य हुन्छ। यदि गिद्ध नहुने हो भने वातावरणीय प्रदूषणमात्र होइन, महामारीको जोखिम पनि बढ्ने खतरा र हन्छ।

गिद्ध सङ्ख्या बढ्नु उत्साहजनक भए पनि संरक्षणकर्मीहरूले अझै पनि गिद्ध संवेदनशील अवस्थामा रहेको बताएका छन् । पशु उपचारमा प्रयोग हुने केही रासायनिक औषधि, गुँड नष्ट हुने गतिविधि, बासस्थान अतिक्रमण र वातावरणीय असन्तुलन गिद्ध संरक्षणका लागि प्रमुख चुनौतीका रूपमा रहेको चरा संरक्षणकर्मी सुवन चौधरी बताउँछन्।

रु'विशेषगरी डाइक्लोफेनेकजस्ता औषधिको प्रयोगले गिद्ध मृत्युदर बढाउने गरेको छ', उनले भने, 'यसका विकल्पलाई प्रोत्साहन गर्ने, पशुपालकलाई सचेत गर्ने र स्थानीय समुदायलाई संरक्षणमा सहभागी गराउने आवश्यकता देखिन्छ, समुदायमा गिद्धसम्बन्धी चेतना फैलाउने कार्यमा सक्रिय भएर लागेका पनि छौँ ।'

गिद्धको बढ्दो सङ्ख्या सकारात्मक सङ्केत भए पनि दीर्घकालीन संरक्षण रणनीति अपरिहार्य छ । गुँड संरक्षण, औषधि नियन्त्रण, बासस्थान व्यवस्थापन र स्थानीयस्तरमा सचेतना कार्यक्रमलाई प्राथमिकतामा राख्न सकेमात्र गिद्धको दीर्घकालीन रूपमा अस्तित्व सुनिश्चित गर्न सकिन्छ ।

गड्डाचौकी बनबासा नाका सञ्चालन

-पश्चिम नेपाल संवाददाता
कञ्चनपुर, ३० भदौ

जेनजी आन्दोलनका कारण कारागारबाट भागेका कैदीबन्दी बाहिर जान नपाउन भनेर पाँच दिनदेखि बन्द रहेको पश्चिम नेपालको गड्डाचौकी बनबासा नाका संचालनमा आएको छ। सोमबार देखि गड्डाचौकी बनबासा नाका पूर्ण रुपमा संचालनमा आएको हो ।

यस अघि उक्त नाकाबाट भारतीय सीमा सुरक्षा बल(एसएसबी)ले नेपालीलाई भारत र भारतीयलाई नेपालमा आउन दिएको थिएन ।

परिचय खुल्ने कागजात देखाएर भारतमा र हेका नेपालीलाई नेपाल आउन दिने र नेपालमा र हेका भारतीयलाई जान जान दिएको थियो । २५ भदौँ बिहान ६ देखि बन्द भएको उक्त नाका ३० भदौँ बिहान ६ बजेदेखि पूर्ण रुपमा संचालनमा आएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी प्रवक्ता सागर बोहराले पाँचदिनदेखि बन्द रहेको गड्डाचौकी बनबासा नाका पूर्ण रुपमा संचालनमा आएको बताए ।

'सोमबार बिहानदेखि पहिलेकै अवस्थामा नाका संचालनमा आएको छ, 'प्रवक्ता बोहराले भने, 'आउजाउदेखि व्यवसायिक गतिबिधी भईरहेका छन ।'

कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीका प्रमुख राजनबाबु काफ्ले आइतबारदेखि आनशिक नाका संचालनमा आएपछि सोमबारदेखि पूर्ण खुलेको बताए। 'आइतबार उता भारतदेखि एकदुई टूकमा कृषिजन्य समाग्री आयात भयो, 'उनले भने, 'सोमबार बिहानैदेखि पुरै खुलेको छ, पाँचदिन देखि बन्दले एकै पटक धेरै समान आउँदा झण्डै ५०लाख भन्सार राजस्व संकलन भएको छ ।'

दैनिक २०देखि२५लाख सरदर भन्सार राजस्व संकलन हुँदै आएको कञ्चनपुर भन्सारमा नाका समेत बन्द हुँदा राजस्वमा समेत प्रभाव पर्दै आएको छ । नाका खुलेसंगै भारतमा रोजगारी गर्नेदेखि व्यवसायीहरुलाई सहज भएको छ ।

जेनजी आन्दोलन : सिएमजी र डाईमण्ड क्यासिनो तहसनहस

-पश्चिम नेपाल संवाददाता
कञ्चनपुर, ३० भदौ

२४ भदौँ गते कञ्चनपुरमा भएको जेनजी आन्दोलनमा जनप्रतिनिधी, प्रदेश, केन्द्रका सांसदमन्त्रीका घर मात्रै होईन आन्दोलनकारीले व्यवसायी क्षेत्रमा समेत तोडफोड, आगजनी एव लुटपाट गरेका छन ।

आन्दोलनकारीले एक भिडले दुई क्यासिनो, होटल ओपेरा, एनसेल सेन्टरमा तोडफोड एव लुटपाट गरेको जनाएका छन ।

साथै पुर्वमुख्यन्त्री राजेद्र रावलको घरमा रहेको सुनचाँदीको पसल, पुर्व सासद निरुदेवी पालको घरमा रहेको आस्था कलेक्सन सहितका पसल, जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराको घर सहित रोयल सिलाई सेन्टर सहित दर्जनौँ व्यवसायीक क्षेत्रमा समेत तोडफोड आगजनी लुटपाट गरेका छन ।

सबैभन्दा बढि करोडौँ लगानीमा सचालनमा रहेका सिएमजी र डाईमण्ड क्यासिनोमा तोडफोड, लुटपाट गरेका छन । दुवै क्यासिनो भित्र रहेका उच्च मुल्यका मेसिनदेखिका उपकरण, कागजात सबै तोडफोड तहसनहस गरिदिएका छन ।

सिएमजी क्यासिनोका व्यवस्थापक गोकुल निरौलाले जेनजी आन्दोलनको मर्म, भावना माग विपरित निजी क्षेत्रमा तोडफोड, लुटपाट गरेर विध्वङ्सात्मक गतिबिधी मच्चाएर तहसनहस गरिदिएको बताए ।

'यो आन्दोलन समाजिक सञ्जाल बन्दको बिरोध र भ्रष्टाचार बिरुद्ध थियो, 'उनले भने, 'यसमा आफ्नै निजी लगानी गरेर व्यवसायी गर्दै झन युवाहरुलाई स्वदेशमै रोजगारी दिदै आएको क्यासिनोको के गल्ती थियो, भित्र रहेका एक समान पनि सुरक्षित छैनन, भएका पैशापनि लुटपाट गरिदिएका छन ।'

सुरक्षा गार्डहरुलाई धम्की दिएर दुवै गेट तोडफोड गरेर भित्र परेका आन्दोलनकारीले नगददेखि लुटपाट गरेपछि उठ्नै गाह्रो भएको उनले बताए। डेढसय युवाहरुलाई रोजगारी दिदै आएको क्यासिनो पुर्ननिर्माणमै समय लाग्ने भएपछि भएको रोजगार समेत खोसिएको छ ।

तोडफोटबाट साढे १७ करोड बढीको समान क्षति भएको छ । डाईमण्ड क्यासिनोका म्यानेजर जित विक्रम खडकाले झण्डै झण्डै १८ करोड बढीका समानको नोक्सानी भएको बताए ।

म्यानेजर खडकाका अनुसार एक्कासी ठुलो हुल आएर सिधै भित्र प्रवेस गरेर तोडफोड, लुटपाट गरेर गएका थिए। बाहिर रहेका सवारी साधनदेखि भित्रको मेसिन, नगददेखि सरसमान लुटपाट गरेर गएका छन ।

अर्थमन्त्री खनाललाई पत्रकारले 'जेनजी हजुरबा' भनेपछि...

-पश्चिम नेपाल संवाददाता
काठमाडौं, २९ भदौ

राजनीतिक दलबाट मन्त्री नियुक्ति हुँदाभन्दा आज अर्थ मन्त्रालयमा फरक माहोल थियो । नयाँ मन्त्रीलाई स्वागत गर्न कार्यकर्ताको भिडभाड र अनावश्यक तामझाम थिएन ।

डा. रामेश्वर खनाल आफ्नै निजी गाडी चढेर अर्थ मन्त्रालय प्रवेश गरे । यो पनि नौलो दृष्य हो । खनालले आफू मन्त्री नियुक्त भएलगत्तै पनि सरकारी गाडी नलिने घोषणा गरेका छन् । आन्दोलनका क्रममा सयौं सरकारी गाडीहरु जलाइएकाले मन्त्रीको यो निर्णयले सांकेतिक अर्थसमेत राख्छ ।

मन्त्रालयको द्वारमा सचिव लगायत केही उच्च पदस्थ कर्मचारीहरु हातमा फुलगुच्छा लिएर स्वागतमा उभिएका थिए । यसमा मन्त्री त्यति खुशी देखिएनन् । 'फुलले स्वागत नगरेको भए हुन्थ्यो' भन्दै उनी भित्र पसे ।

अघिल्ला मन्त्रीहरु बसेको कुर्सीमा नै गएर नवनियुक्त अर्थमन्त्री खनालले पदभार ग्रहण गरे । अर्थमन्त्रीको कुर्सीमा बसेपछि उनले पहिलो निर्णयमा हस्ताक्षर गरे- टुक्रे आयोजनाहरु खारेज गर्ने ।

राजनीतिक दबाबमा बजेटमा पारिएका, समय सकिएपछि योजना बैंकबाट बजेटमा हालिएका, तयारी नपुगेका आयोजनाहरु हटाउने निर्णय उनले लिएका हुन् । बजेटमा भएका कार्यक्रम कटौतीका लागि उनले बजेट महाशाखा प्रमुखको संयोजकत्वमा

तीन सदस्यीय कार्यदल समेत गठन गरेका छन् ।

पदभार सम्हालेपछि मन्त्रीले आफूलाई 'माननीय' नभन्न पत्रकालाई अनुरोध गरेका थिए । त्यहाँ उपस्थित एक पत्रकारले कटाक्षा गर्दै सोधे, 'जेनजी भन्ने हो ?' अर्का पत्रकारले भने- जेनजी बुवा भनौं । फेरि अर्काले 'बुवा होइन हजुरबा' भन्दा अर्थमन्त्रीको कार्यकक्षमा हाँसो गुञ्जिएको थियो ।

मन्त्रीले पदभार सम्हालेपछि सुवर्ण हलमा कर्मचारीहरु र पत्रकार राखेर अन्तरक्रिया सुरु भयो । अर्थमनत्रीले आफुभन्दा पहिले गभर्नर डा. विश्वनाथ पौडेललाई बोल्न दिए । पौडेलले मेरो भन्नु खासै केही छैन भनेर पन्छिन खोजे ।

अर्थमन्त्रीले कर गरेपछि उनले भने, '६८ वटा बैंकहरुको शाखा कार्यालयहरुमा आक्रमण भयो । ६९ वटा एटिएममा केही असर परेको छ । अहिले बैंक सिस्टममा केही समस्या छैन । मनोबल बढाउनु पर्ने बेला भएकाले त्यसै अनुसार काम गर्नुपर्ने छ ।'

अर्थमन्त्रीले पदभार ग्रहणपछि टुक्रे आयोजनाहरु कटौती गरेर ६ महिनामा निर्वाचन गर्नका लागि १ सय अर्ब रुपैयाँ स्रोत जुटाउने सोच प्रस्तुत गरे ।

उनले भने, '६ महिनापछि निर्वाचन गर्नु पर्ने छ । त्यसका लागि टुक्रे आयोजना कटौती गर्दा १ सय अर्ब पैसाको स्रोत जुट्ने छ । राजस्व उठाउन पनि हामी लाग्नु पर्ने छ ।'

मन्त्रालयका धेरै कर्मचारीसँग आफूले विगतमा काम गरेको अर्थमन्त्री खनालले सम्झिए । उनले भने, 'मैले पहिले पनि यो मन्त्रालयमा १४ देखि १८ घण्टासम्म काम गरेको अनुभव छ । राम्रो कामका लागि मसँग जसरी र जुन बेला आएपनि हुन्छ । काम हुने फाइल बोकेर आउँदा अब अर्थ मन्त्रालयबाट फर्किनु पर्दैन । तर, गलत मनसाय बोकेर नआए हुन्छ ।'

अर्थमन्त्रीले आफुलाई सवारी चालकबाहेक दुई जना कर्मचारीमात्र चाहिने बताएका छन् । उनले भने, 'गाडीमा हिँड्दा फोन आउँछ । त्यसैले मलाई एक जना सवारी चालक चाहिन्छ । मेरो निजी सचिवालय हुने छैन । मन्त्रालयले मलाई काम गर्न सक्ने दुई जना कर्मचारी दिए पुग्छ ।'

मन्त्रीले पदभार सम्हालेर हलमा छलफल गर्दै गर्दा पर्वतका शालिग्राम शर्माले केहीबेर चर्का कुरा गरेर माहोल तताएका थिए । उनलाई सुरक्षाकर्मीले बाहिर निकाले ।

आनन्द चिल्ड्रन हॉस्पिटल
सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा
बाल रोग विशेषज्ञ
डा. रेनुका यादव
MBBS, MD (Paediatric)
- कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
- अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
- एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
- मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज
आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु कैशलेस (निःशुल्क) उपचार व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585
website: www.anandhospital.org, Email: info@anandhospital.org, chhabra1967@gmail.com
24 घण्टे आपातकालीन सुविधा

दलहरू निर्वाचनमा जान 'तयार'

-पश्चिम नेपाल संवाददाता
काठमाडौं, ३० भदौ

प्रतिनिधिसभा विघटनपछि आन्तरिक छलफलमा रहेका दलहरूले निष्पक्ष, स्वतन्त्र, भयरहीत वातावरण भए जनादेशका लागि जान तयार रहेको बताएका छन् । उनीहरूले घोषित समयमा निर्वाचन हुनुपर्नेमा पनि जोड दिएका छन् । तर यस विषयमा पार्टीबाट निर्णय गर्न भने बाँकी छ ।

प्रतिनिधिसभा विघटनको विषयलाई लिएर पछिल्लो समय कांग्रेस, एमाले, माओवादी, जनता समाजवादी, लोकतान्त्रिक समाजवादीलगायत आठ दल एक ठाउँमा उभिएका छन् । उनीहरूले संसद् विघटनलाई संविधानविपरीत भन्दै आएका छन् ।

अन्तरिम सरकारको प्रधानमन्त्रीमा शुक्रबार नियुक्ति भएलगत्तै सुशीला कार्कीले संसद् विघटन र निर्वाचनको मिति सिफारिस गरेकी थिइन् । त्यहीअनुसार आगामी २१ फागुनलाई प्रतिनिधिसभा निर्वाचन तोकिएको छ। कांग्रेस नेता अर्जुननरसिंह केसीले इतिहास बोकेका दलहरू निर्वाचनमा गएर लोकतन्त्र र जनताको सर्वोच्चतालाई बलियो बनाउन तयार हुनुपर्ने बताए । 'अन्तरिम सरकारले छ महिनाभित्र निर्वाचन हुने विश्वसनीय वातावरण बनाउनु पहिलो काम हो। दलहरूले चुनावमा भाग लिएर नेपाली जनताको सर्वोच्चता फिर्ता गर्नुपर्छ,' उनले भने, 'निष्पक्ष चुनाव हुने भए दलहरू सहभागी हुन्छन् । आफ्नो जनादेश परीक्षण गर्छन् ।'

कांग्रेसलगायत दलहरू विगतमा आफूबाट भएका गल्तीप्रति माफी मागेर जनतामा जानुको विकल्प नभएको केसी बताउँछन्। 'दलहरू जनतामा जान डराउनु हुँदैन । निर्वाचनबाटै संविधानलाई सही बाटामा अघि बढाउन सकिन्छ,' उनले भने, 'दलहरूले चुनावमा जोड दिनुपर्छ । आवधिक निर्वाचनले नै लोकतन्त्र बलियो बनाउन सक्छ ।'

नेता केसीले सिंगै लोकतन्त्र र संविधानवाद रक्षा गर्ने चुनौती अहिले आएको बताए। प्रधानमन्त्री कार्कीलाई संविधान र लोकतन्त्रकै रक्षाका लागि काम गर्न उनले सुझाव दिए । निवर्तमान सरकारको नेतृत्व गरेको एमाले पनि चुनावमा जान तयार छ तर उसले निष्पक्ष निर्वाचन हुनेमा आशंका गरिरहेको छ । प्रतिनिधिसभा विघटन सर्वोच्च अदालतको नजिरविपरीत भएको एमालेको निष्कर्ष छ ।

संविधान र लोकतन्त्र रक्षाका लागि चुनाव अपरिहार्य भए पनि अन्तरिम सरकारले निष्पक्ष चुनावको वातावरण बनाउनेमा आशंका रहेको एमाले उपमहासचिव प्रदीप ज्ञवालीले बताए। 'चुनाव हुने परिस्थिति भयो भने दलहरूले भाग लिन्छन् । चुनावबाट धेरै कुराको छिनोफानो हुन्छ,' उनले भने, 'चुनाव हुने स्थितिमा मुलुक जान्छ कि जाँदैन भन्नेमा आशंका छ। मतदाता निर्भय भएनन् भने चुनावको अर्थ रहँदैन । दलहरूले निर्भयतापूर्वक चुनावमा भाग लिने अवस्था हुन्छ कि हुँदैन ?'

राज्यका सबै संरचना ध्वस्त भएको अवस्थामा अन्तरिम सरकारले प्रमुख ध्यान निष्पक्ष र स्वतन्त्र च्नाव गराउनमा हुनुपर्ने उनको भनाइ छ। एमाले सचिव गोकर्ण विष्टले तोकिएकै समयमा चुनाव गराउन दलहरूले दबाब दिनुपर्ने बताए । 'सरकारले पनि दलहरूले भाग लिने सहज वातावरण बनाउन सक्नुपर्छ,' उनले भने ।

माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले अहिलेको मूल मुद्दा नै घोषित मितिमै आम निर्वाचन सम्पन्न गर्नु रहेको बताए। 'हाम्रो सम्पूर्ण ध्यान समयमै निर्वाचन गराउन हुनुपर्छ। निर्वाचनमा जान पूरै जोड दिनुपर्छ,' उनले भने, 'यसरी मात्र संविधान र लोकतन्त्रको रक्षा गर्न सकिन्छ ।' माओवादीभित्र चुनावमा जाने विषयमा दुई मत नभएको उनको भनाइ छ। 'राष्ट्रपतिले संविधानको धारा ६१ टेकेर चुनाव घोषणा गरेकाले भाग नलिने कुरा हुँदैन,' उनले थपे, 'आजको सही बाटो यही हो । यसमा पार्टी स्पष्ट छ ।'

२३ भदौको जेन-जी आन्दोलनमा दमन गर्ने र भोलिपल्ट सिंहदरबार, शीतलनिवास, सर्वोच्च अदालत, संसद् भवन लगायत राष्ट्रिय महत्त्वका संरचना तथा व्यावसायिक र निजी संरचना ध्वस्त गर्नेहरूको छानबिन र कारबाही गरे मात्र निर्वाचनको वातावरण बन्ने उनको भनाइ छ। माओवादीका उपमहासचिव जनार्दन शर्माले राष्ट्रपतिले संविधानमा टेकेर चुनाव घोषणा गर्नु सकारात्मक भएको उल्लेख गर्दै चुनाव हुने निश्चित भने हुनुपर्ने बताए । 'संविधानको रक्षा गर्न चुनाव नभई हुँदैन,' उनले भने । राष्ट्रिय स्वतन्त्र पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीले राष्ट्रिय सभाको स्थायी स्वरूप र गतिशीलता कायम राखी अन्तरिम सरकारले प्रतिनिधिसभाको निर्वाचन ६ महिनाभित्र गर्नु अपरिहार्य रहेको बताए। 'तोकिएको आमनिर्वाचन सफलतापूर्वक सम्पन्न गर्दै शान्तिपूर्ण रूपमा सत्ता हस्तान्तरण गरिनुपर्छ । लोकतान्त्रिक हक अधिकारको निर्वाध उपभोग गर्ने वातावरण हुनुपर्छ,' उनले भने, 'चरम भ्रष्टाचार र दण्डहीनताविरुद्ध कडा कदम चाल्दै पुनर्निर्माण र आर्थिक सुधारमा सरकार अघि बढ्नुपर्छ। सुदृढ अन्तर्राष्ट्रिय सम्बन्ध एवं विकासमा द्रुतताको अपेक्षा पनि यस अन्तरिम सरकारबाट राखिएको छ ।' रास्वपा समग्र राष्ट्रिय हित, एकता र सौहार्दता प्रवर्द्धनमा सदा सहयोगी भूमिकामा रहने बुर्लाकोटीको भनाइ छ ।

एकीकृत समाजवादीले चुनावमा भाग लिने विषयमा निर्णय भइनसकेको भए पनि निर्वाचनको विरोधमा दलहरू हुन नसक्ने जनाएको छ। 'पहिले चुनाव हुने निश्चित हुनुपर्योण। निष्पक्ष, स्वतन्त्र र विश्वसनीय हुने वातावरण हुनुपर्यो। यो प्रत्याभूति भयो भने हाम्रो पार्टी चुनावमा नजाने भन्ने हुँदैन,' एकीकृत समाजवादीका वरिष्ठ नेता वेदुराम भुसालले भने, ' चुनावका विषयमा प्रमुख दलहरू छलफल गरेर निष्कर्षमा पुग्छन् ।'

जनता समाजवादी पार्टीका नेता मनीष सुमनले तोकिएकै समयमा चुनाव गराउन दलहरूले सर कारलाई सहयोग गर्नुपर्ने बताए । आफ्नो दलले प्रधानमन्त्री कार्कीलाई समर्थन गरेको उल्लेख गर्दै सरकारको मुख्य ध्यान चुनाव गराउनमा केन्द्रित हुनुपर्ने उल्लेख गरे । 'हाम्रो पार्टीले चुनाव हुने अवस्थामा भाग लिने नै हो । विशेष परिस्थितिको आवश्यकता भएकाले सुशीला कार्कीलाई समर्थन गरेका हौं । चुनावमा भाग नलिने सोचेका छेनौ,' उनले भने । लोकतन्त्र र संविधानको रक्षा गर्ने जिम्मेवारी दलहरूकै रहेको पनि उनले उल्लेख गरे ।

जेनजी आन्दोलनमा लुटेको नगद र समाग्री फिर्ता गर्न आब्हान

-पश्चिम नेपाल संवाददाता
कञ्चनपुर, ३० भदौ

जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले जेनजी आन्दोलनमा लुटेका नगद रुपैया सहित भौतिक समाग्री फिर्ता गर्न आब्हान गरेको छ ।

२४ भदौं जेनजी आन्दोलनका क्रममा निजी एव सरकारी निकाय, कार्यालयबाट लुटेका नगद रुपैया सहित भौतिक समाग्री फिर्ता गर्न आब्हान गरेको हो ।

सोमबार कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले हस्ताक्षर गरेको अनुरोध पत्रमा आन्दोलन र त्यस पश्चात निजी घरबाट लुटपाट गरिएका नगद सहित सुनचाँदी, गरगहना,कपडा फर्निचर,मोवाईल, ल्याफटअफ, कम्प्युटर मदिरा, सहित आवश्यक कागजात सम्बन्धीत कार्यालय, घरधनीदेखि प्रहरीलाई बुझाईदिन निर्देशन जारी गरेका छन ।

समयमै ईमान्दारितापुर्वक समान नबुझाउने व्यक्तिमाथि कानुन बमोजिम कार्वाही गर्ने चेतावनी दिएको छ। प्रशासनले आन्दोलन र आन्दोलन पश्चात निजी घर, व्यवसायिक क्षेत्र एव सार्वजनिक निकायबाट नगद एव भौतिक सम्पत्ती लुटपाट भएको छ ।

काठमाण्डौं लगायत अन्य जिल्ला जस्तो कञ्चनपुरमा सुरक्षाकर्मीको हातहतियारदेखि अन्य कुनै समान लुटपाट नभएपनि निजी, व्यवसायिक एव सरकारी निकायबाट आगजातदेखि समाग्री लुटपाट भएको थियो ।

रमाईलो® तपाईको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

लाईफ केयर प्याथोलोजी अब विशेषज्ञ चिकित्सक समुहको साथमा विशेषज्ञ सेवा
लाईफ केयर प्याथोलोजी द्वारा विशेषज्ञ चिकित्सक समुह को साथमा विशेषज्ञ सेवाका साथ लाईफ केयर क्लिनिक खुलेकें जानकारी गराउँदछौं ।
डा. केशव भट्ट — MBBS, MS Orthopedics — हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
डा. शक्ति बृसिंह यादव — MBBS, MD (Pediatric) — बरिष्ठ नवजात तथा बालरोग विशेषज्ञ
डा. प्रशान्त भट्ट — MBBS, MS (ENT) — नाक, कान, घाटी तथा थाइरोइड रोग विशेषज्ञ
डा. शोभनाथ भण्डारी — MBBS, MD/MS (Obs,Gyne) — बरिष्ठ महिला तथा प्रशुति रोग विशेषज्ञ
डा. निर्मल अमर सिंह थापा — MBBS, MS (General Surgeon) — हाइड्रोसिल, हर्निया, बवासीर, पेट रोग विशेषज्ञ
लाईफ केयर क्लिनिक
099-590232, 9828052023, 9858650360, 9848723066 /lifecarepath

आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टरमा सबै सुविधा
डा. भावेश — M.B.B.S.,M.D.(Medicine) Physician Fellowship in Echocardiology Fellowship in Diabetes & Endrocrinologyu, (जनरल मेडिसिन) हृदय, श्वास एवं सुगर रोग विशेषज्ञ — प्रत्येक दिन
डा. कुलदिप — MBBS, MS (Surgery) (जनरल एवं ल्याप्रोस्कोपि सर्जन) — प्रत्येक दिन
वरिष्ठ महिला रोग विशेषज्ञ (OBS & GYNAE) — गर्भवती महिलाओं की नियमित जांच एवं परामर्श — नॉर्मल एवं सीजेरियन डिलेवरी — हाई रिस्क प्रेगनेंसी — समय से पूर्व डिलीवरी — बच्चेदानी का ऑपरेशन एवं महिला रोग से संबंधित समस्त उपचार — परामर्श का समय प्रतिदिन सुबह 10:00 से शाम 5:00 बजे तक
आनन्द चिल्ड्रन हॉस्पिटल — सी.एस.डी. कैंटीन के सामने, सितारगंज रोड, खटीमा — बाल रोग विशेषज्ञ — डा. रेनुका यादव — MBBS, MD (Paediatric)
• कम वजन, अपरिपक्व शिशु, अत्याधुनिक नर्सरी तथा बच्चों की भर्ती सुविधा।
• अमेरिकन एसोसिएशन ऑफ पीडिया द्वारा स्वीकृत टीकाकरण की सुविधा।
• एन.आई.सी.यू, पी.आई.सी.यू. तथा मरीजों के उचित देखभाल व भर्ती की सुविधा।
• मिर्गी के दौरे, दिमागी कमजोरी, पक्षाघात, अस्थमा, पुराना निमोनिया, पेट और जिगर के सभी रोग, दिल में छेद, मोटापा और वजन न बढ़ना, कुपोषण, शुगर और थायराइड इत्यादि बीमारियों का ईलाज
आयुष्मान कार्ड, गोल्डन कार्ड, TPA, ESIC (राज्य कर्मचारी बीमा योजना) व पैरामिलिट्री फोर्स के कार्डधारकों हेतु कैशलेस (निःशुल्क) उपचार व सभी तरह के ऑपरेशन की सुविधा उपलब्ध है।
Cont.: 05943-250400, 252700, 9675533333, 9410340585 — 24 घण्टे
डा. अभिनव कुमार कटियार — M.B.B.S., D.D.V.L (डर्मोटोलोजी) — छाला, ररौं, नङ, मुहासे, झाईया, सेतो दाग, कन्सलटेन्ट डर्मेटोलोजिष्ट एण्ड ट्राइकोलोजिष्ट रौं ट्रान्सप्लान्ट सर्जन एवं चर्म रोग, कुष्ठ एवं गुप्त रोग विशेषज्ञ — प्रत्येक मंगलबार
डा. योगेश नागेंदर — MBBS, MD,DM (Cardiology) (वरिष्ठ हृदय रोग विशेषज्ञ, १४ बर्षको अनुभव) (बिशेष ओपिडी, प्रत्येक महिनाको तेस्रो बिहीबार)
डा. गणेश बी. एल. — M.Ch (Neurosurgery)DELHI AIIMS (वरिष्ठ न्युरो रोग विशेषज्ञ, ८ बर्षको अनुभव) (बिशेष ओपिडी, प्रत्येक महिनाको पहिलो बिहीबार)
चौबिसै घण्टा इमरजेन्सी सुविधा
सुविधाहरू: I.C.U. प्याथोलोजी, ई.सी.जी., डिजिटल एक्स-रे, सी-आर्म, नेबुलाईजर, कार्डियक मोनिटर, बाइपेप,सी.पेप,भेन्टिलेटर, क्यान्टिन र बिरामी भर्ना सुविधा तथा औषधीहरु आदि।
आयुष्मान, टी.पी.ए., ई.एस.आई. कार्ड धारको र Assam Rifles, CISF, CRPF, ITBP, NSG, RPF, SSB, SFF, SPG, RAF का जवान र उनका परिवारको कैशलेस उपचारको सुविधा ।
लुटपाटको कुनै पनि डर नभएको र हाम्रो यहाँ नेपाली रूपैया पनि स्वीकार गरिन्छ ।
सम्पर्क स्थान: आनन्द हॉसिपटल एण्ड रिसर्च सेन्टर
सितारगञ्ज रोड खटिमा, ०५९४३-२५२७००, २५१४८५, ९६७५५३३३३३, ९४१०३४०५८५

हार्दिक बधाई

मिति २०८२ भाद्र २१ गते निर्माण व्यवसायी कञ्चनपुरको १५ औं जिल्ला अधिवेशनबाट अध्यक्षमा **श्री पुष्पराज अवस्थी ज्यू** लगायतका सम्पूर्ण पदाधिकारी र सदस्यज्यूहरुलाई बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

पुष्पराज अवस्थी
अध्यक्ष

देव बहादुर चन्द
बरिष्ठ उपाध्यक्ष

यज्ञराज बैज
उपाध्यक्ष

देवी दत्त भट्ट
महासचिव

वृज किशोर चन्द
सचिव

तेज बहादुर चन्द
कोषाध्यक्ष

हेम बहादुर महरा
सह-कोषाध्यक्ष

गणेश सुवेदी
सदस्य

महेश जोशी
सदस्य

दिपक कार्की (दिपिन)
सदस्य

नविन चन्द
सदस्य

सन्तोष खत्री
सदस्य

मनिराज रेग्मी
सदस्य

चन्द्र सिंह कार्की
सदस्य

सञ्चालक

एवं

कञ्चन राष्ट्रिय निर्माण कम्पनी प्रा.लि.

परिवार महेन्द्रनगर, कञ्चनपुर

हात पार्न गएको हर्कलाई खाली हात फर्काए

-पश्चिम नेपाल संवाददाता
काठमाडौं, ३० भदौ

धरान उपमहानगरका मेयर हर्क साम्पाङ काठमाडौंबाट खाली हात फर्किएका छन् । प्रधानमन्त्री बन्ने इच्छा राख्दै काठमाडौं आइपुगेका उनलाई जेनजीले मन्त्रीमा पनि पत्याएनन् ।

६ दिनअघि काठमाडौं आइपुगेका हर्कले सुरूवातमै आफू जेनजीको तर्फबाट प्रधानमन्त्री बन्न आएको स्वघोषणा गरेका थिए । मिनेट मिनेटमा स्टाटसहरु लेखेर प्रेसर दिन खोजे । भिडियोहरु ठेलिरहे । 'जेन जेडको तर्फबाट काठमाडौं आइपुगेको र घुसपैठ नहोस्' भन्दै आफ्नो सम्पर्क नम्बर समेत सार्वजनिक गरे ।

कुनै बच्चाले ललिपपका लागि झगडा गरेजसरी प्रधानमन्त्रीका लागि मरिहत्ते गरेका थिए हर्कले । काठमाडौं आएपछि तारन्तर स्टाटस लेखिरहे उनले । एक दिनमै ३ दर्जनसम्म स्टाटस उनको टाइमलाइनमा देखापरे । यतिले नपुगेर युट्युवरहरू बोलाएर आफूलाई प्रधानमन्त्री बनिदिन भन्दै दैनिक लाखौं फोनहरू आइरहेको दावी गरे । जंगी अड्डामै समर्थकहरू उतारेर हो-हल्ला गर्न लगाए ।

हर्क काठमाडौं आएकै दिनबाट जेनजीहरूले भने प्रधानमन्त्रीमा सुशीला कार्कीको नाम लगभग फाइनल गरिसकेका थिए । हजारौं जेनजीहरूले डिस्कर्ड मिटिङमा बसेर छलफल गरी प्रजतान्त्रिक तवरबाट निर्णय लिएका हुन् । भोटिङमा सुशीला कार्कीले सबैभन्दा बढी मत पाएकी थिइन् ।

तर, जेनजीहरूले गरेको यी गतिविधिलाई हर्कले त्यति रुचाएनन् । आफू प्रधानमन्त्री बन्नुपर्ने हठ गरिरहे । तर, सफलता हात लागेन । सुशीला कार्की नै प्रधानमन्त्री बनिन् । त्यसपछि फेरि चर्चा सुरू भयो हर्क मन्त्री बन्ने । उनले गृहमन्त्री मागेको अपुष्ट खबरहरू सुनिए । तर, त्यो पनि उनले पाएनन् । र, हर्क घर रित्तो हात घर फर्किन बाध्य भए ।

हर्कले यता प्रधानमन्त्री ताकिरहँदा उनले नेतृत्व गरेको धरान उपमहानगर भने लथालिंग छ । उनकै हठका कारण आर्थिक वर्ष २०८२/८३ को बजेट पारित हुन सकेको छैन । स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रत्येक आर्थिक वर्षको बजेट असार १० गतेभित्र पारित गर्नुपर्ने कानुनी व्यवस्था छ ।

तर, भदौ सकिँदासम्म पनि धरानले बजेट पाएको छैन । नयाँ बजेट पारित नहुँदा उपमहानगरमा विकास निर्माण, कर्मचारीको तलब, सामाजिक सुरक्षा भत्ता, सार्वजनिक सेवा तथा अन्य आर्थिक कारोबार ठप्प छन् ।

'बजेट होलिडे' को एक महिनापछि २ अर्ब २० करोडको बजेट ल्याउने सुरमा रहेको धरान उपमहानगरलाई लथालिंग छाडेर हर्क भने प्रधानमन्त्री हुनलाई

काठमाडौं आइपुगेका थिए । स्रोतका अनुसार उनी उपमहानगरकै गाडी चढेर काठमाडौं आएका हुन् ।

काठमाडौं आएपछि हर्कले जेनजीका अगुवाहरूसँग भेट गरेनन् । अन्तरिम प्रधानमन्त्रीको दायरा के कति हुन्छ भन्नेतिर ध्यान पुऱ्याएनन् । उनलाई जसरी पनि प्रधानमन्त्री बन्नु थियो । जसै प्रधानमन्त्रीको रूपमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नाम जेन जीहरूले सिफारिस गरे, हर्कले विरोध गरे ।

उनको विरोधमा आफू जतिको योग्य व्यक्ति अरु कोही नभएको आशय व्यक्त हुन्थ्यो । केही युट्युवरहरूलाई त उनले आफू र काठमाडौं महानगरपालिकाको मेयरले प्रधानमन्त्रीको रूपमा कार्कीलाई स्वीकार नगरेको समेत बताए ।

पछि काठमाडौं महानगरका मेयर बालेन्द्र साहले स्टाटस लेखेरै हर्कलाई सम्झाउनुपर्‍यो । बालेन्द्रले स्टाटसमा हर्कको नाम उल्लेख नगरी लेखेका छन्, 'अहिले नै हतारमा नेतृत्वमा आउन चाहनुभएका साथीहरूलाई के भन्न चाहन्छु भने-तपाईंहरूको जोश, तपाईंहरूको सोच, तपाईहरूको इमानदारिता देशलाई स्थायी रूपमा चाहिएको हो, अस्थायी रूपमा होइन । त्यसका लागि चुनाव त हुन्छ नै । कृपया हतार नगर्नु होला ।'

र, पनि हर्क टसमस भएनन् । प्रधानमन्त्री हुने दाबी छाडेनन् । एकातिर हर्क प्रधानन्मन्त्री बन्ने कसरतमा (स्टाटसमार्फत) लागेका थिए, अर्कातिर हामी नेपालका सुधन गुरुङ जेनजीको प्रतिनिधि बनेर शीतल निवासको वार्ताको टेबलमा बसिरहेका थिए ।

सुधन विगतमा मयर हर्कलाई धरानको श्रमदानमा सहयोग गरेका युवा हुन् । पछि उनले पाँच महिनासम्म 'सेभ घोपा' आन्दोलन चलाए । उक्त आन्दोलनमा साथ दिँदै भाषण गरिदिन सुधनले हर्कलाई अनुरोध गरे । तर, हर्क आइदिएनन् । यसपछि सुधनले एक पोडकास्टमा गएर भँडास पोखे ।

ढुंगा बोकेर विकास नहुने, मेयर साम्पाङ काम नलाग्ने भन्दै सक्ने भए राम्रो विधि बनाएर धरान उपमहानगर चलाएर देखाउन चुनौति दिए । सुधन अभिव्यक्तिको क्लीप संजालमा भाइरल भयो । यसपछि त के चाहियो, आलोचनाको 'आ' समेत सुन्न नचाहने मेयर साम्पाङ सुधनसँग क्रुद्ध भए । यसपछि नै उनीहरूबीच जुँगाको लडाइँ सुरू भयो । एकले अर्काको अस्तित्व नमान्ने अवस्था आएपछि दुवैबीच पानी बाराबारको स्थिति छ । अहिले दुवै आ-आफ्नो बाटो लागेको र बोलचाल नै बन्द भएको बताइन्छ ।

फेरि संयोग कस्तो भइदियो भने प्रधानमन्त्री बन्न आएका हर्क र प्रधानमन्त्री बनाउनलाई वार्ताको टेबलमा बसिरहेका सुधन एक ठाउँमा आइपुगे । हर्कले प्रधानमन्त्री बन्ने चाह राखेका थिए, सुधनले प्रधानमन्त्री बनाउन महत्वपूर्ण भूमिका खेलिरहेका थिए । तर, जेनजीको प्रतिनिधि बनेर निर्णायक वार्तामा बसिरहेका सुधनसँग हर्कले सम्बन्ध नवीकरण गर्न चाहेनन् । सम्बन्ध नवीकरण गरेको भए पनि हर्क प्रधानमन्त्री हुने सम्भावना थिएन ।

बरु युट्युवरहरूलाई भेला गरेर गुरुङविरुद्ध खनिए । उनले भने, 'उहाँले पाँच, सात महिना आन्दोलन गर्नुभयो, म त १०/१५ वर्षदेखि एक्लै वेथितिको विरुद्धमा आन्दोलन गरेको मान्छे । हाम्रो लेभल नै फरक छ । सेभ घोपामा हर्क साम्पाङले सघाओस् भन्ने रैछ । म चाहिँ ढुंगा बोक्नतिर लागेँ ।'

मेयर हर्कले स्टाटस ठेलिरहँदा यता सुशीला कार्की नेपालको इतिहासमा पहिलो महिला प्रधानमन्त्री बनिसकेकी थिइन् । हर्कले सुशीलालाई स्वीकार गरेनन् । बरु देशमा घुसपैठ भएको र विदेशी शक्तिको चलखेल भएको भन्दै अपुष्ट आरोप लगाउँदै स्टाटस दन्काइरहे ।

सुशीला कार्कीले प्रधानमन्त्री बन्ने हर्कको महत्वकांक्षाको च्याप्टर क्लोज गरि दिएपछि उनी अब मन्त्रीमा झरे । प्रधानमन्त्री निवास बालुवाटारमा बिहान सात बजेदेखि एक बजेसम्म प्रधानमन्त्री कार्कीको दर्शन भेटका लागि कुरेर बसे । तर, कार्कीले भेट दिइनन् ।

प्रधानमन्त्रीले भेट नदिएपछि मन्त्रीसम्म भए पनि खाने हर्कको आकांक्षामा धक्का लाग्यो । आज प्रधानमन्त्री बन्न काठमाडौं आएका हर्क मन्त्री पनि बन्न नसकेपछि धरान नै फिरेको खुलेको छ । साँझसम्ममा धरान पुग्ने स्रोतले बतायो । अब धरान पुगेपछि उनले फेरि दनादन स्टाटस ठोक्नेछन् ।

सुदुरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस व्यवस्थापन विभागको प्रवेश परीक्षा सम्बन्धी सुचना

मिति : २०८२।०४।१८

सुदुरपश्चिम विश्वविद्यालयको केंद्रीय क्याम्पस व्यवस्थापन केन्द्रीय विभागमा स्नातक तहका (BBA , BHM र BBS) शैक्षिक कार्यक्रमहरुमा शैक्षिक शत्र २०८२।०८३ मा नयाँ विद्यार्थी भर्नाका लागि सञ्चालन हुने प्रवेश परीक्षाको कार्यक्रम निम्नानुसार रहेको सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शैक्षिक कार्यक्रम	आवेदन फाराम वितरण	आवेदन फाराम बुझाउने अन्तिम मिति	प्रवेश परीक्षा सञ्चालन हुने मिति र समय
BBA	२०८२ श्रावण १८ गतेदेखि	२०८२ भाद्र २५ गतेसम्म	२०८२ भाद्र २८ गते बिहान ८:०० बजे
BHM	२०८२ श्रावण १८ गतेदेखि	२०८२ भाद्र २७ गतेसम्म	२०८२ भाद्र २८ गते बिहान ११:०० बजे
BBS	२०८२ श्रावण १८ गतेदेखि	२०८२ भाद्र २७ गतेसम्म	२०८२ भाद्र २८ गते बिहान ११:०० बजे
भर्नाका लागि न्यूनतम शैक्षिक योग्यता		BBA र BHM शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा कम्तीमा D ग्रेड सहित न्युनतम 1.8 CGPA प्राप्त गरेको । (तर राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा कम्तीमा D+ ग्रेड सहित न्युनतम 1.8 CGPA ल्याएको),प्रविणता प्रमाणपत्र तहको हकमा न्युनतम द्वितीय श्रेणीको अंक प्राप्त गरेको र BBS शैक्षिक कार्यक्रमका लागि कक्षा १२ का प्रत्येक विषयमा न्यूनतम D ग्रेड ल्याएको (राष्ट्रिय परीक्षा बोर्डको २०७८ साल र सो भन्दा पुर्वको नतिजा अनुसार कक्षा ११ र १२ का प्रत्येक विषयमा न्यूनतम D+ ग्रेड ल्याएको) वा न्यूनतम द्वितीय श्रेणीमा प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।	
प्रश्नपत्रको सरचना		१०० पूर्णाङ्क, समय : १ घण्टा ३० मिनेट र Verbal Ability,Quantitative Ability, General Awareness, Logical Reasoning,Business and Economics सम्बन्धी १०० वटा वस्तुगत प्रश्नहरु ।	

नोट : BBA र BHM का हकमा रु १५०० र BBS का हकमा रु ५०० प्रवेश परीक्षा शुल्क नेपाल बैंक लि मा रहेको यस विभागको खा नं 1560010668945000001 मा जम्मा गर्नुपर्ने छ । कक्षा १२ को परीक्षाको नतिजाको प्रतिक्षामा रहेका विद्यार्थीहरु समेत भर्नाको समयमा न्यूनतम शैक्षिक योग्यता पुगेको प्रमाणपत्र पेश गर्ने सर्तमा प्रवेश परीक्षामा सहभागी हुन सक्नेछन् । प्रवेश परीक्षा र भर्ना सम्बन्धी थप जानकारीको लागि व्यवस्थापन केन्द्रीय विभाग महेन्द्रनगरमा सम्पर्क गर्न सकिनेछ ।

.....
विभागीय प्रमुख
व्यवस्थापन केन्द्रीय विभाग
सु.प.वि. महेन्द्रनगर

सुदूरपश्चिम विश्वविद्यालय
केन्द्रीय कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सङ्कायहरू	शैक्षिक कार्यक्रमहरू	प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम
मानविकी तथा सामाजिक शास्त्र	B.A., BCA	१. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि
व्यवस्थापन	BBA, BBS / BHM	२. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) ।
शिक्षाशास्त्र	B.Ed./B.Ed. CSIT	
विज्ञान तथा प्रविधि	B.Sc./B.Sc. CSIT, BIT	३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) ।
इन्जिनियरिङ	B.E. Civil, B.E. Computer/B.Arch.	
कानून	B.A. LL.B	४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि ।
कृषि विज्ञान	B.Sc. Ag.	५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता
प्राकृतिक स्रोत व्यवस्थापन	B.Sc. Forestry	६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार

पशु क्वारेन्टाइन कार्यालय
गड्डाचौकी कञ्चनपुर

सूचना ! सूचना !! सूचना !!!

हालै छिमेकी देश भारतको उत्तराखण्ड प्रदेशको यु.एस. नगर र बागेश्वर जिल्लामा Avian Influenza H5N1 (Highly Pathogenic Avian infulenza)) **बर्ड फ्लु देखिएको भनी विभिन्न भारतीय सञ्चार माध्यमबाट प्रकाशित भएको र सो स्थान संकटग्रस्त क्षेत्र घोषणा गरि सकेको र उक्त स्थान नेपालको कैलाली र कञ्चनपुर जिल्लाको सीमा क्षेत्रबाट नजिकै पर्ने हुादा उक्त रोग पन्छीहरुको अति संक्रामक रोथ तथा मानिसमा समेत सर्ने हुँदा उल्लेखित कार्यहरु गर्न गराउन हुन अनुरोध छ ।**

तपशिल

- स्रोत नखुलेको जिउँदो कुखुरा, चल्ला, मासु, अण्डा अथवा पंक्षीजन्य कुनै पनि वस्तु र ती वस्तुलाई ओसारपसार गरिने विभिन्न माध्यम क्रेट, केज, सवारी साधन आदिलाई पूर्ण निषेध गर्ने गराउने
- त्यस्ता निषेधित पन्छी/पन्छीजन्य उत्पादन तथा अन्य संक्रमित वस्तुलाई नेपालमा बिक्री वितरण नगर्ने/नगराउने
- सम्पूर्ण किसानले आ(आफ्नो फार्ममा आवतवतलाई निषेध गरी जैविक सुरक्षाका विधिलाई कडाईका साथ पालना गर्ने/गराउने
- पंक्षीमा देखिने बर्ड फ्लु रोगका लक्षणहरु जस्तै अत्यधिक मृत्युदर, श्वासप्रश्वासमा समस्या, आाखा नाकबाट पानी जस्तो पदार्थ, सिउर, लोती, खुट्टा निलो रङ्गको हुने जस्ता रोग लागेको लक्षण देखा परेमा वा शंका लागेमा नजिकको पशु सेवा शाखा, पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाइन कार्यालय र पशुपंछी रोग अन्वेषण प्रयोगशाला वा तल उल्लेखित नम्बरमा सिधै सम्पर्क गर्न हुन अनुरोध छ ।

पुश क्वारेन्टाइन कार्यालय, गड्डाचौकी
पशु चिकित्सक डा. सजना बम्रेल सम्पर्क नं. ९८५८७७७१३२
इमेल : animalquarentinekanchanpur @gmail.com
पशुपन्छी रोग अन्वेषण प्रयोगशाला धनगढी, कैलाली
पुश चिकित्सक डा. विशाल चन्द्र सम्पर्क नं. ९८६८५६६०५८, ०९१-५२२१८२
इमेल : rvldhn@gmail.com

सुदूरपश्चिम विश्वविद्यालय
केन्द्रीय क्याम्पस
शिक्षाशास्त्र केन्द्रीय विभाग

स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना

मिति २०८२/०४/२०

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्गेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र

क्र.सं	विवरण	मिति
१.	प्रवेश परीक्षा आवेदन फाराम वितरण	२०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म
२	प्रवेश परीक्षा संचालन	२०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि
३	प्रवेश परीक्षाको नतिजा प्रकासन	२०८२ भाद्र ३१ गते
४	विद्यार्थी भर्ना कार्यक्रम	२०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म
५	कक्षा संचालन	२०८२ कार्तिक १६ गतेदेखि

नोटः
- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्गेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

आवश्यक प्रमाणपत्रहरुः
- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७